उपप्रमुख श्री किशोरी साहबाट

# जनकपुरधाम उपमहानगरपालिकाको

आठौं अधिवेशनमा पेश भएको

आर्थिक वर्ष २०७९/०८० को

# बजेट वक्तव्य

जनकपुरधाम उपमहानगरपालिका

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

**आदरणीय नगरसभा अध्यक्षज्यू, नगरसभाका सचिवज्यू, नगरसभा सदस्यज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० बमोजिम आर्थिक वर्ष २०७९/८० को राजश्व र व्ययको अनुमान यस सम्मानित सभामा प्रश्तुत गर्न अनुमती चाहन्छु । आज हामीले विभिन्न लोकतान्त्रिक आन्दोलन र मधेश आन्दोलनको जगमा रही संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अवलम्बन गरी रहेका छौं । जनताका प्रतिनिधिहरु मार्फत शासन गर्ने शासकीय व्यवस्थाको अभ्यास गर्न पाई रहेका छौं । यिनै उपलब्धिहरु हासिल गर्न आफ्नो अमूल्य जिवन उत्सर्ग गर्ने अमर शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै आन्दोलनका क्रममा घाईते हुनु भएका योद्धाहरु र अगुवा नेतृत्ववर्ग प्रति उच्च सम्मानभाव व्यक्त गर्दछु । **ज्ञात, अज्ञात अमर सहिदहरुको सम्झना एवं सम्मानका लागि सबै महानुभावहरुलाई आ-आफ्नो ठाँउबाट उठि दिइ एक मिनेट मौन धारण गरि दिनु हुन आग्रह गर्दछु ।**

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यस निर्वाचनलाई स्वतन्त्र र भय रहित वातावरणमा सम्पन्न गर्न गराउन योगदान दिनु हुने आम नगर वासी, राजनीतिक दल, निर्वाचन आयोग र राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । गरिवीको रेखामुनी रहेका, विभेदमा परेका, सबै नगर वासिको विकास र सम्बृद्धीको चाहनालाई सम्बोधन गर्न बजेट केन्द्रीत गरेको छु । नगरको आमुल परिवर्तन, आर्थिक र सामाजिक विकासको आकांक्षालाई पुरा गर्न बजेट केन्द्रीत गरेको छु । अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दिर्घकालिन विकास लक्ष्य, १५ औं योजना, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधार लिएको छु ।

३. प्रस्तुत सन्दर्भमा आदरणीय नगर प्रमुखज्यूबाट आज मिति २०७९ असार १० गते केहि छन अगाडी आ.व. ०७९/०८० को लागि पेश भएको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आदरणीय नगरसभा अध्यक्षज्यू,

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि, बजेटको समिक्षा तथा संसोधित अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

४. यस उपमहानगरपालिकाको सातौ नगरसभाबाट आ.व.०७८/०७९ को लागि रु. १,५३,८७,६१,०००।०० (एक अर्व त्रिपन्न करोड सतासी लाख एकसट्ठी हजार ) वार्षिक बजेट स्वीकृत भै चालु बजेट तर्फ रु. ९५,२२,८६,०००।०० (पन्चानब्बे करोड बाइस लाख छयासी हजार) र पुंजिगत बजेट तर्फ रु. ५८,३४,७५,०००।०० (अन्ठावन करोड चौतिस लाख पचहत्तर हजार) विनियोजन गरिएको मा सामाजिक सुरक्षा तथा संरक्षण भता लगायत प्राप्त अन्य अनुदान तोकिएकै कार्यक्रममा खर्च हुने हुँदा उक्त रकम वार्षिक बजेटमा समावेश नभएको जानकारी गराउन चाहन्छु ।

५. स्विकृत संशोधित वार्षिक बजेट अनुसार चालु आर्थिक वर्षको जेठ मसान्त सम्म चालु बजेट तर्फ विनियोजित रकम रु. १,०२,७२,१५,०००।०० (एक अर्व दुई करोड पहत्तर लाख पन्ध्र हजार) र पूँजीगत विनियोजित रकम रु. ६०,४१,७५,०००।०० (साठ्ठी करोड एकचालिस लाख पचहत्तर हजार) गरि कुल विनियोजित बजेट रु. १,६३,१३,९०,०००।०० (एक अर्व त्रिसठ्ठी करोड तेह्र लाख नब्बे हजार) मध्येबाट चालु खर्च रु. ५९,६६,४९,०२४।३६ (उनान्साठ्ठी करोड छैसठ्ठी लाख उनान्चास हजार चौबिस रुपैया र छतिस पैसा) भएको छ जुन कुल चालु बजेटको : ५८.०८ प्रतिशत हो र पूँजीगत खर्च रु. २०,४९,१३,३२०।३६ (बिस करोड उनान्चास लाख तेह्र हजार तिन सय बिस रुपैया छतिस पैसा) भएको छ जुन कुल पूँजीगत बजेटको : ३३.९२ प्रतिशत हो, यसै गरि जम्मा खर्च रु. ८०,१५,६२,३४४।७२ (अस्सी करोड पन्ध्र लाख वैसठ्ठी हजार तिन सय चौवालिस रुपैया बहत्तर पैसा) भएको छ जुन कुल बजेटको : ४९.१३ प्रतिशत भएको जानकारी गराउन चाहन्छु ।

६. चालु आर्थिक वर्षको असार मसान्तसम्म आन्तरिक आय श्रोततर्फ आन्तरिक राजश्व रु.१३,०१,००,०००।०० (तेह्र करोड एक लाख) र राजश्व बाडफांडबाट रु.२८,१९,३२,०००।०० (अठ्ठाइस करोड उनाइस लाख बतिस हजार) र बैंक मौज्दात रु.१६,५६,७८,०००।०० (सोह्र करोड छपन्न लाख अठहत्तर हजार) गरी कुल आन्तरिक आय

रु.५७,७७,१०,०००।०० (सन्तावन करोड सतहत्तर लाख दश हजार) तथा वाह्य श्रोततर्फ संघीय सरकारबाट रु. ९९,५६,२९,०००।०० (उनान्सय करोड छपन्न लाख उनान्तीस हजार), प्रदेश सरकारबाट रु. ५,८०,५१,०००।०० (पाँच करोड अस्सी लाख एकावन हजार) गरी कुल वाह्य आय रु. १,०५,३६,८०,०००।०० (एक अर्व पाँच करोड छतिस लाख अस्सी हजार) गरि जम्मा कुल आय रकम रु. १,६३,१३,९०,०००।०० (एक अर्व त्रिसठ्ठी करोड तेह्र लाख नब्बे हजार) संशोधित अनुमान गरिएको जानकारी गराउन चाहन्छु ।

७. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म आन्तरिक आय श्रोततर्फ : आन्तरिक राजश्व रु.११,६४,८६,०९१।९२ (एघार करोड चौसठ्ठी लाख छयासी हजार एकानब्बे रुपैया बयानब्बे पैसा) राजश्व वाडफाँडतर्फ रु. १८,८९,०६,२४५।२७ (अठार करोड उनानब्बे लाख छ हजार दुई सय पैतालिस रुपैया सत्ताइस पैसा) र बैंक मौजदात रु.३१,२८,२२,८५६।९१ (एकतिस करोड अठ्ठाइस लाख वाइस हजार आठ सय छपन्न रुपैया एकानब्बे पैसा) गरी कूल आन्तरिक आय रु. ६१,८२,१५,१९४।१० (एकसठ्ठी करोड बयासी लाख पन्ध्र हजार एक सय चौरानब्बे रुपैया र दश पैसा) र वाह्य श्रोततर्फ संघीय सरकारबाट रु. ७१,३७,४४,२५०।०० (एकहत्तर करोड सैतिस लाख चौवालिस हजार दुई सय पचास) र प्रदेश सरकारबाट रु. २,२७,७५,५००।०० (दुई करोड सत्ताइस लाख पचहत्तर हजार पाँच सय) गरी कुल वाह्य आय रु.७३,६५,१९,७५०।०० (त्रिहत्तर करोड पैसठ्ठी लाख उनाइस हजार सात सय पचास) समेत गरि जम्मा जेठ मसान्त सम्मको आय रु. १,३५,४७,३४,९४४।१० (एक अर्व पैतिस करोड सडचालिस लाख चौतिस हजार नौ सय चौवालिस रुपैया र दश पैसा) भएको जानकारी गराउन चाहन्छु ।

आदरणीय नगरसभा अध्यक्ष्यज्यू,

८. अब म अगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य र प्राथमिकताहरुलाई स्थीरता, उत्पादन शिलता र रोजगार वृद्धी, समावेशी विकास, आत्मनिर्भरता र समृद्धीलाई ध्यानमा राखि बजेटका उद्देश्य निम्न अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

(क) कोभिड-१९ को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाई महामारीबाट जनजिवनलाई सामान्य अवस्थामा पुर्याउने ।

(ख) नगरको भौतिक पूर्वाधारको विकासलाई गति प्रदान गर्ने ।

(ग) आमनगरवासीलाई गुणस्तरिय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।

(घ) लैंगिक समानता, सामाजिक समावेशिकरण र सामाजिक सुरक्षा मार्फत विभेदमुक्त समाज निर्माण गर्ने ।

(ङ) रोजगारी सृजना र गरिबी न्यूनिकरणमा टेवा पुर्याउने ।

(च) पर्यटन प्रवर्द्धन गरी नगरलाई आकर्षक पर्यटनको गन्तव्यस्थल बनाउने ।

(छ) सुशासन प्रवर्द्धन र संस्थागत सबलिकरणमा जोड दिने ।

(ज) कृषि, उद्योगको विकास र उद्यमशिलताको प्रवर्द्धन गर्ने ।

(झ) स्वच्छ, सुन्दर, सरसरफाईयुक्त र हरियालीयुक्त नगरको विकास गर्ने ।

(ञ) नगर वासिको रहर- “साझा, सुन्दर समृद्ध हरित सहर” गर्ने

(ट) ग्रामिन सडक तथा पुल निर्माण गर्ने

(ठ) ग्रामिन विधुतीकरण गर्ने

(ड) विधुतीय सेवा प्रवाह, ग्रामिन इन्टरनेट सेवा विस्तार गर्ने

(ढ) नवपर्वतन/निजि साझेदारी योजना सञ्चालन गर्ने

**आदरणीय नगरसभा अध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को आय तथा व्यय को अनुमान पेश गर्न अनुमति चाहन्छु ।

९. आर्थिक वर्ष ०७९/८० को लागी कुल बजेट रु. १,८०,७१,४५,०००।०० (एक अर्व अस्सी करोड एकहत्तर लाख पैतालिस हजार) बिनियोजन गरेको छु । बिनियोजित खर्चमध्ये चालुखर्च रु. १,०७,४१,२७,०००।०० (एक अर्व सात करोड एकचालिस लाख सताइस हजार) र पुंजिगत खर्च रु. ७३,३०,१८,०००।०० (त्रिहत्तर करोड तिस लाख अठार हजार) बिनियोजन गरेको छु । यसका अतिरिक्त विनियोजन बजेटमा अन्य अनुदान शिर्षक अन्तर्गत सामाजिक सुरक्षा भता लगायतमा बजेट सिलिङ्ग प्राप्त नभएकोले सामाजिक सुरक्षा भता

लगायतका थप शिर्षकमा विनियोजित भई आउने रकम सोही अनुसार विनियोजन हुने व्यहोरा समेत अवगत गराउँदछु ।

१०. अब म अगामी आ.व. २०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रम( महाशाखा/शाखा/वडा/केन्द्र/ समिति समेतको) सञ्चालनको लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान पेश गर्न चाहन्छु ।

| क.सं. | विषय क्षेत्रगत समिति | बजेट अनुमान | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति | ४५६००००० | **चार करोड छपन्न लाख** |
| २ | सामाजिक विकास समिति | ५७४२००००० | **सन्तावन करोड बयालिस लाख** |
| ३ | पूर्वाधार विकास समिति | ६४६५१४००० | **चौसठ्ठी करोड पैसठ्ठी लाख चौध हजार** |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन विकास समिति | ५००००००० | **पाँच करोड** |
| ५ | सुशासन तथा सँस्थागत विकास समिति | ४९०८३१००० | **उनान्चास करोड आठ लाख एकतिस हजार** |
| | जम्मा | १८०७१४५००० | **एक अर्ब अस्सी करोड एकहत्तर लाख पैतालिस हजार** |

११. चालु खर्च तथा पुँजिगत खर्चका शिर्षकगत कार्यक्रमहरु समावेश भएको विनियोजन विधेयक र करको दर र दायराको विवरण समावेश भएको आर्थिक विधेयकमा विस्तृत विवरण उल्लेख गरी राजश्व र व्ययको अनुमान पेश गरेको छु ।

**उल्लेखित खर्च व्यहोर्न आगामी आर्थिक वर्ष २०७९/८० को राजश्व परिचालनका लागि देहाय अनुसारका श्रोतहरु अनुमान गरेको छु ।**

१२. उल्लेखित खर्च व्यहोर्न कुल राजश्वको अनुमान रु. १,८०,७१,४५,०००।०० ( **एक अर्ब अस्सी करोड एकहत्तर लाख पैतालिस हजार**) पेश गरेको छु । जसमध्ये आन्तिरिक श्रोतबाट रु.८०,०१,३८,९००।०० (**अस्सी करोड एक लाख अडतिस हजार नौ सय**) तथा वाह्य श्रोतबाट रु.

१,००,७०,०६,१००।०० (एक अर्ब सतरी लाख छ हजार एक सय) राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१३. आन्तिरिक श्रोत तर्फ आन्तरिक राजश्व रु. १४,३१,१०,०००।०० (चौध करोड एकतिस लाख दश हजार), नेपाल सरकार राजश्व वाडफाडबाट रु. ३१,१४,८१,०००।०० (एकतिस करोड चौध लाख एकासी हजार), प्रदेश सरकार राजश्व बाडफाटबाट रु. १,७१,६८,८००।०० (एक करोड एकहत्तर लाख अडसठ्ठी हजार आठ सय) र जनसहभागिताबाट रु. १,००,००,०००।०० (एक करोड) प्राप्त हुने अनुमान गरेको छु । यस उपमहानगरपालिकाको सञ्चित कोषमा बैंक मौज्दात रु. ३१,८३,७९,१००।०० (एक तिस करोड त्रियासी लाख उनासी हजार एक सय) रहने अनुमान गरेको छु ।

१४. वाह्य श्रोततर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु. १,००,७०,०६,१००।०० (एक अर्व सतरी लाख छ हजार एक सय) राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१५. नेपाल सरकार सशर्त अनुदानबाट रु.५८,१०,००,०००।०० (अन्ठावन करोड दश लाख) र नेपाल सरकार समानीकरण अनुदानबाट रु.३७,६४,००,०००।०० (सैतिस करोड चौसठ्ठी लाख) गरि जम्मा रु. ९४,७४,००,०००।०० (चौरानब्बे करोड चौहत्तर लाख) राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१६. प्रदेश सरकार सशर्त अनुदानबाट रु.१,५०,००,०००।०० (एक करोड पचास लाख), प्रदेश सरकार विशेष अनुदानबाट रु. ४०,००,०००।०० (चालिस लाख), प्रदेश सरकार समपुरक अनुदानबाट रु. २५,००,०००।०० (पच्चिस लाख) र प्रदेश सरकार समानिकरण अनुदानबाट रु.२,८१,०६,१००।०० ( दुई करोड एकासी लाख छ हजार एक सय) गरी रु. ४,९६,०६,१००।०० (चार करोड छयानब्बे लाख छ हजार एक सय) राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

उल्लेखित राजश्व र व्ययको खर्चको प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धीहरु हासिल गर्न सबैको सहकार्य आवश्यक हुन्छ । यसका लागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु र यसका नेतृत्व वर्ग, कर्मचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मी ज्यूहरु र आम जनसमुदायमा हार्दिक आव्हान गर्दछु ।

**किशोरी साह**
**उपप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका**